# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०८१ चैत्र २९ गते , २०८१ साल

# भाग- २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८१**

# बेथानचोक गाउँपालिका

## दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८१

**प्रस्तावना :**

कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्ख र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दधको परिमाण, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर सङ्गठित बजारमा गुणस्तरीय दुध प्रवाह बढ्ने छ भने अर्कोतर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यावसायिक रुपमा अगाडि बढाउन यो अनुदान परियोजनाका रुपमा सस्थागत रुपमा दुध बिक्री गर्ने कृषकहरुलाई उत्पादनका परिमाणमा आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले दूध उत्पादन र बजारीकरणका आधारमा कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

**१) प्रारम्भिकः**

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम “दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि,२०८१, रहेको छ।

२. यो कार्यबिधि गाउँकार्यपालिबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**

क. कार्यपालिका “भन्नाले बेथानचोक गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ ।

ख.प्रमुख “भन्नाले बेथानचोक गाउँपालिकाको अध्यक्षलाई जनाउने छ ।

ग. उपाध्यक्ष भन्नाले बेथानचोक गाउँपालिकाको उपाध्यक्ष लाई जनाउने छ ।

घ. प्रमुख प्रशासकीय अधिकृत “भन्नाले बेथानचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

ङ. शाखा “भन्नाले बेथानचोक गाउँपालिकाको पशुपन्छी शाखालाई जनाउने छ ।

च. शाखा प्रमुख “भन्नाले बेथानचोक गाउँपालिकाको पशुपन्छी शाखाको प्रमुखलाई जनाउने छ ।

छ. आर्थिक विकास समिति “भन्नाले बेथानचोक गाउँपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ।

ज. मूल्यांकन समिति “भन्नाले यस कार्यविधिको दफा अनुसार गठित समितिलाई जनाउने छ ।

झ. समूह “भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई कृषि क्षेत्रलाई मुख्य लक्ष्य बनाई संचालनमा रहेका समूह वा सहकारी सम्झनु पर्छ ।

ञ. साझेदार सस्था भन्नाले छनौट भइ कार्यालय संग द्विपक्षीय सम्झौता गर्ने दुग्ध उत्पादक समुह / सहकारी वा निजि फर्म सम्झनुपर्दछ ।

**३) उद्देश्यः**

१. अनुदान वितरण नीतिलाई प्रकृयामुखीबाट परिणाममूखीतर्फ लैजाने ।

२. दूध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठीत एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

३. अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठीत बजारमा संलग्नता वृद्धि गर्ने ।

५. दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

**४ कार्य संचालन प्रकृयाः**

१. अनुदान कार्यक्रममा सहभागी हुन चाहने दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन र आव्हान (अनुसूचि–१ बमोजिम गर्नेछ ।

२. यस कार्यक्रममा सम्मिलित हुन आवश्यक मापदण्ड पुरा गरेका ईच्छुक फर्म ⁄ समुह ⁄ सहकारीले तोकिएको म्याद भित्र अनुसूचि २ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

क) समुह ⁄ सहकारीको मापदण्ड : दैनिक संकलित दूध, दूग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्री गरी दूध र दुग्धजन्य पदार्थहरुको बेचविखनको प्रबन्ध गरेको हुनुपर्नेछ ।

ख) विगतका वर्षमा दुधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्ने ।

ग) सहकारीमा आवद्ध सबै कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ ।

घ) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सूरक्षा विधि अवलम्बन गरेको हुनुपर्नेछ।

ङ) सहकारीले कारोबार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

च) सम्बन्धित सहकारीले अफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ ।

३. निजि फर्मको हकमा आफुले पालेका पशुको संख्या र उत्पादन रेकर्डको तादम्यता भएको हुनुपर्नेछ ।

४. कार्यालयमा दर्ता भई आएका सहकारी संस्थाका आवेद न र प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिकाको अध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति | सदस्य |
| लेखा अधिकृत | सदस्य |
| पशुपन्छी शाखा प्रमुख | सदस्य सचिव |

५. उपदफा ४ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन सिफारिस पेश गर्नेछ । कार्यालयले प्रति लिटर दुध उत्पादन ⁄ बिक्रि वापत रु ४⁄- का दरले अनुदान उपलब्ध गराउने छ । सस्थागत रुपमा फर्मल च्यालनमा भएको विक्रि बाहेक अन्य संकलनको अनुदान उपलब्ध हुने छैन। साथै कृषकबाट सकलन भएको तर फर्मल च्यानलबाट विक्री नगरी स्थानीय रुपमा बिकी गिरएको दुधको हकमा गाउँपालिकाको अनुदान रकम दुग्ध सकलकले अनिवार्य रुपमा कृषकलाइ उपलआध गराउनु पर्नेछ ।

६. अनुदानको लागि छनौट भएका दुग्ध उत्पादक संस्थासंग कार्यालयले अनुसूची ३ बमोजिम सम्झौता गर्नेछ ।

७. सम्झौतापछि छनौट भएका सहकारीहरुलाई विनियोजित बजेटको परिधीभित्र रही बार्षिक एकमुष्ट रकम लाभग्राहीको बैंक खाता मार्फत कार्यालयले अनुदान रकम उपलब्ध गराउने छ ।

८.सहकारीले आफुमा आवद्ध मापदण्ड पुरा गरेका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान रकम सम्बन्धित कृषकको बैंक र वित्तिय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण अनुदान प्राप्त गरेको १ महिना भित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

**५) आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखाकंन लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६,आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली २०७७ बमोजिम गरिनेछ।

**६) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन पशु सेवा शाखा, गाउँकार्यपालिकाको कार्यालयले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु पशु सेवा शाखा मार्फत गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**७) थपघट वा हेरफेर गर्न सक्ने**

यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

।।. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**८) खारेजी र बचाउ**

यस अघि संचालित दुधमा अनुदान कार्यक्रम यसै कार्यविधि अनुरुप भएको मानिनेछ ।

# अनुसूची—१

दुधमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक संस्थाहरुका लागि प्रस्ताव आव्हान बेथानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको आ.व. को वार्षिक स्विकृत कार्यक्रम अनुसार दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक दुग्ध उत्पादक समुह सहकारी संस्थाहरु र निजि फर्महरुले ले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र अनुसूची÷ २ अनुसारको निवेदन बेथानचोक गाउँपालिका पशुपन्छी शाखामा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राखु हुन अनुरोध गरिन्छ ।

## अनुसूची—२

## दुग्ध उत्पादक संस्थाले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बेथानचोक गाउँपालिका काभ्रेपलाञ्चोक ।

विषयः दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति...............................मा प्रकाशित सूचना अनुसार यस दु। उ। स। संस्था लि। ले उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१. कूल सदस्य संख्या

२. गत वर्ष कूल दूध संकलन लि (दुध विक्रि गर्ने कृषकको विवरण सहित)

३. मिल्क एनालाईजरको प्रयोग भएको / नभएको

४. वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण

५. कर चुक्ता प्रमाण

६. जम्मा संकलन केन्द्र संख्या

७. रेकर्ड रात्र कम्प्यूटरको प्रयोग भएको / नभएको

८. दुधको गुणस्तर परिक्षण गरी रेकड राखे। जानकारी दिने गरेको नगरेको

९. आफ्नो चिलिङ सेन्टर भएको नभएको

१०. दुध विविधिकरण र विक्री वितरण गरेको नगरेको

गरेको भए कुन कुन पदार्थ बनाउने गरिन्छ । दैनिक औषत परिमाण

विक्री गर्ने बजार स्थल

११. फर्म / समुह / सहकारी दर्ता र नविकरणको प्रमाण

१२. कुनै प्रकारको कार्वाहीमा नपरेको बारेको स्वघोषणा

१३. वडा कार्यालयको सिफारिस

## अनुसूची ३

## कार्यालय र लाभग्राही संस्था विच हुने सम्झौताको ढाँचा

बेथानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र दुग्ध उत्पादक संस्था . (यसपछि दोश्रो पक्ष भनिने) विच दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. दोश्रो पक्षलाई पहिलो पक्षले बैंक खातामा गत आब अवधिको संकलित दुधको स्विकृत भए अनुसारको अनुदान रकम जम्मा गरिदिने छ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस। एन। एफ। र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले अफुमा आवद्ध भएका कृषकहरुलाई बैंक खाता मार्फत अनुदान वितरण गर्नु पर्नेछ । र सोको विवरण पहिलो पक्षलाइ पेश गर्नुपर्दछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौ ।

| | |
|---|---|
| दोस्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| संस्था | कार्यालय |
| रोहवर | रोहवर |

आज्ञाले

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत